श्री
बाजुरा जिल्ला अदालत
मार्तडी, बाजुरा
२०३७

# श्री बाजुरा जिल्ला अदालतको

## समाजसेवी तथा बाल मनोविज्ञको लागि दरखास्त दिने सम्बन्धी सूचना

यस बाजुरा जिल्ला अदालतको बाल इजलासमा रहने समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञ छनौट गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम स्थानीय बाल अधिकार समिति समक्ष सूचीकृत भएका इच्छुक समाजसेवी तथा बाल मनोविज्ञ मध्येबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरखास्त आह्वान गरिएको छ।

### समाजसेवीको लागि योग्यता

१. मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकार विषय लिई स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको।

२. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

### बाल मनोविज्ञ वा बाल विशेषज्ञको लागि योग्यता

१. मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञ विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा मनोविज्ञको सम्बन्धमा कम्तीमा २ महिना को तालीम प्राप्त गरेको।

२. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

### अन्य शर्तहरु

१. उल्लेखित योग्यता पुगेका व्यक्तिबाट दरखास्त परेपछि आवश्यक छानविन गरी समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको छनौट गरी नियुक्ति दिइनेछ। छनौट भएका समाजसेवी, बाल मनोविज्ञ वा बाल बिशेषज्ञको पदावधि चार बर्षको हुनेछ।

२. नियुक्त भएका समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञलाई कामको आधारमा नेपाल सरकारले तोके बमोजिमको सुविधा वा पारिश्रमिक उपलब्ध हुनेछ।

३. खराब आचरण भएमा, कार्यक्षमताको अभाव भएमा, इमान्दारी पूर्वक पदीय कर्तव्य पालना नगरेमा वा बाल अदालत वा बाल इजलासमा बस्न सूचित गर्दा मनासिब माफिकको कारण वेगर लगातार तीन पटक सम्म अनुपस्थित भएमा जिल्ला अदालतले हटाउन सक्ने छ।

सूचना प्रकाशन मितिः- २०७९।१२।२१।३

नि.स्रेस्तेदार